"मीठे बच्चे– यादमा रहेर हरेक कर्म गर्यौ भने अनेकौंलाई तिम्रो साक्षात्कार भइरहन्छ।"

प्रश्नः– सङ्गमयुगमा कुन विधिद्वारा आफ्नो हृदयलाई शुद्ध बनाउन सक्छौ?

उत्तरः– यादमा रहेर भोजन बनायौ र यादमा खायौ भने हृदय शुद्ध हुन्छ। सङ्गमयुगमा तिमी ब्राह्मणहरूद्वारा बनाएको पवित्र ब्रह्माभोजन देवताहरूलाई पनि धेरै मन पर्छ। जसलाई ब्रह्माभोजनको कदर हुन्छ, उनले थाली धोएर पनि पिउँछन्। महिमा पनि धेरै छ। यादमा बनाएको भोजन खानाले तागत मिल्छ, हृदय शुद्ध हुन्छ।

ओम् शान्ति। सङ्गममा नै बाबा आउनु हुन्छ। रूहानी बाबाले रूहानी बच्चाहरूलाई सम्झाइरहनु भएको छ, यो दिनहुँ बच्चाहरूलाई भनिरहनु पर्छ। प्यारा बच्चाहरू! आफूलाई आत्मा सम्झ किन भन्नुहुन्छ? बच्चाहरूलाई यो याद रहोस्– वास्तवमा उहाँ बेहदका पिता हुनुहुन्छ, आत्माहरूलाई पढाउनु हुन्छ। सेवाको लागि भिन्न भिन्न प्वाइन्टमा सम्झाउनु हुन्छ। बच्चाहरूले भन्छन् सेवा छैन, हामीले बाहिर सेवा कसरी गरौं? बाबाले सेवाका युक्तिहरू त धेरै सहज बताउनु हुन्छ। चित्र हातमा होस्। रघुनाथको कालो चित्र पनि होस्, गोरो पनि होस्। श्रीकृष्णको वा श्रीनारायणको चित्र कालो पनि होस् र गोरो पनि होस्। सानै चित्र भए पनि ठिकै हुन्छ। श्रीकृष्णको यति सानो चित्र पनि बनाउँछन्। तिमी मन्दिरको पुजारीसँग सोध्न सक्छौ– यिनलाई कालो किन बनाइएको हो जबकि वास्तवमा उनी त गोरा थिए? वास्तवमा शरीर कालो हुँदैन। तिम्रो साथमा धेरै राम्रा गोरा गोरा पनि रहन्छन्, तर यिनलाई कालो किन बनाइएको हो? यो त तिमी बच्चाहरूलाई सम्झाइएको छ– आत्मा कसरी भिन्न भिन्न नाम-रूप धारण गरेर तल उत्रिन्छ। जबदेखि काम चितामा चढ्छ तबदेखि कालो बन्छ। जगतनाथ वा श्रीनाथद्वारेमा अनगिन्ती यात्रीहरू हुन्छन्, तिमीलाई निमन्त्रणा पनि मिल्छ। भन– हामीले श्रीनाको ८४ जन्मको जीवन कहानी सुनाउँछौं। भाइ-बहिनीहरू आएर सुन्नुहोस्। यस्तो भाषण अरू कसैले पनि गर्न सक्दैन। तिमीले सम्झाउन सक्छौ– यिनलाई कालो किन बनाइएको हो? हरेक पावनबाट पतित अवश्य बन्नु छ। देवताहरू जब वाममार्गमा जान्छन् तब उनीहरूलाई काला बनाएका हुन्। काम चितामा बसेपछि आइरन एज्ड बन्छन्। फलामको रङ्ग कालो हुन्छ, सुनको रङ्ग सुनौलो हुन्छ। उनलाई गोरो भनिन्छ। उनै फेरि ८४ जन्मपछि काला बन्छन्। सिँढीको चित्र पनि अवश्य हातमा हुनुपर्छ। सिँढी पनि ठूलो भएमा जो कोहीले पनि टाढैबाट राम्ररी हेर्न सक्छ। अनि तिमीले सम्झाउने छौ– दुनियाँको यो गति छ। लेखिएको पनि छ उत्थान र पतन। बच्चाहरूलाई सेवाको धेरै सोख हुनुपर्छ। सम्झाउनुपर्छ– यो दुनियाँको चक्र कसरी घुम्छ सम्झाउनु छ, गोल्डन एज, सिलवर एज, कपर एज... फेरि यो पुरुषोत्तम सङ्गमयुग पनि देखाउनु पर्छ। ठीक छ धेरै चित्र नदेखाऊ। भारतवर्षको लागि त सिँढीको चित्र मुख्य छ। हामी अब फेरि पतितबाट पावन कसरी बन्न सक्छौं भनेर सम्झाउन सक्छौ। पतित-पावन त एक बाबा नै हुनुहुन्छ। उहाँलाई याद गर्नाले सेकेण्डमा जीवनमुक्ति मिल्छ। तिमी बच्चाहरूमा यो सारा ज्ञान छ। बाँकी त अरू सबै अज्ञान निद्रामा सुतेका छन्। भारतवर्षमा जब ज्ञान थियो तब धेरै धनवान थियो। अहिले भारतवर्ष अज्ञानतामा छ, त्यसैले कति कङ्गाल बनेको छ। ज्ञानी मनुष्य र अज्ञानी मनुष्य हुन्छन् नि। देवी-देवता र मनुष्य त प्रसिद्ध छन्। देवताहरू सत्ययुग-त्रेतामा, मनुष्य द्वापर-कलियुगमा। बच्चाहरूको बुद्धिमा सदा रहनु पर्छ सेवा कसरी गर्ने? त्यो पनि बाबाले सम्झाइरहनु हुन्छ। सम्झाउनको लागि सिँढीको चित्र धेरै राम्रो छ। बाबा भन्नुहुन्छ– गृहस्थ व्यवहारमा बस। शरीर निर्वाहको लागि धन्दा आदि त गर्नु नै छ। जिस्मानी विद्या पनि पढ्नु छ। बाँकी जब समय मिल्छ भने सेवाको लागि ख्याल गर्नुपर्छ– मैले अरूको कल्याण कसरी गरुँ? यहाँ त तिमीले धेरैको कल्याण गर्न सक्दैनौ। यहाँ त आउँछौ नै बाबाको मुरली सुन्न। यसमा नै जादू छ। बाबालाई जादूगर भनिन्छ नि। गाउँछन् पनि– मुरली तेरी में है जादू... हजुरको मुखबाट जुन मुरली बज्छ त्यसमा छ जादू। मनुष्यबाट देवता बन्छन्। यस्तो जादूगर बाबा बाहेक अरू कोही हुँदैन। गायन पनि छ– मनुष्यबाट देवता बनाउन समय लाग्दैन। पुरानो दुनियाँबाट नयाँ दुनियाँ अवश्य हुनु छ। पुरानोको विनाश पनि अवश्य हुनु छ। यस समयमा तिमीले राजयोग सिक्छौ भने अवश्य राजा पनि बन्नु छ। अहिले तिमी बच्चाहरूले सम्झन्छौ ८४ जन्मपछि फेरि पहिलो नम्बरको जन्म हुनुपर्छ किनकि विश्वको इतिहास-भुगोल दोहोरिन्छ। सत्ययुग, त्रेतायुग

जुन बितेर गएको छ त्यो अवश्य दोहोरिनु छ।

तिमी यहाँ बसेका छौ, त्यसैले बुद्धिमा यो याद रहनु पर्छ– हामी फर्केर जान्छौं फेरि सतोप्रधान देवी-देवता बन्छौं। उनलाई देवता भनिन्छ। अहिले मनुष्यमा दैवी गुण छैन। त्यसैले तिमीले जहाँसुकै पनि सेवा गर्न सक्छौ। धन्दा आदि जतिसुकै होस्, गृहस्थ व्यवहारमा रहँदा-रहँदै पनि कमाइ गरिरहनु छ। यसमा मुख्य कुरा छ पवित्रताको। पवित्रता छ भने सुख-शान्ति, सम्पत्ति छ। सम्पूर्ण पवित्र बन्यौ भने फेरि यहाँ रहन सक्दैनौं किनकि हामीलाई शान्तिधाम अवश्य जानु छ। आत्मा पवित्र बनेपछि फेरि आत्मालाई यस पुरानो शरीरको साथमा रहनु छैन। यो त अपवित्र छ नि। ५ तत्त्व नै अपवित्र छन्। शरीर पनि यिनबाट नै बन्छ। यसलाई माटोको पुतला भनिन्छ। ५ तत्त्वको शरीर एउटा खतम हुन्छ अर्को बन्छ। आत्मा त छ नै। आत्मा कुनै बन्ने चीज होइन। शरीर पहिला कति सानो फेरि कति ठुलो हुन्छ। कति अङ्गहरू मिल्छन् जसद्वारा आत्माले सारा पार्ट खेल्छ। यो दुनियाँ नै अचम्मको छ। सबै भन्दा आश्चर्यजनक हुनुहुन्छ बाबा जसले आत्माहरूको परिचय दिनुहुन्छ। हामी आत्माहरू कति साना छौं। आत्माले प्रवेश गर्छ। हरेक चीज आश्चर्यजनक छन्। जनावरहरूको शरीर आदि कसरी बन्छ, अचम्म छ नि। आत्मा त सबैमा त्यत्तिकै सानो छ। हात्ती कति ठुलो हुन्छ, त्यसमा पनि यति सानो आत्मा गएर बस्छ। बाबाले त मनुष्य जन्मको कुरा सम्झाउनु हुन्छ। मनुष्यले कति जन्म लिन्छ? ८४ लाख जन्म त लिँदैन। सम्झाइएको छ जति धर्म छन् त्यति भेराइटी बन्छन्। हरेक आत्माले कति अनुहारको शरीर लिन्छ, आश्चर्य छ नि। फेरि जब चक्र दोहोरिन्छ, हरेक जन्ममा अनुहार, नाम, रूप आदि परिवर्तन हुन्छन्। यस्तो भनिँदैन कृष्ण काको, कृष्ण गोरो। होइन, उनको आत्मा पहिला गोरो थियो फेरि ८४ जन्म लिँदै लिँदै कालो बन्छ। तिम्रो आत्माले पनि भिन्न-भिन्न अनुहार, भिन्न-भिन्न शरीर लिएर पार्ट खेल्छ। यो पनि ड्रामा हो।

तिमी बच्चाहरूलाई कहिल्यै पनि कुनै चिन्ता हुनु हुँदैन। सबै कलाकार हुन्। एउटा शरीर छोडेर अर्को लिएर अभिनय गर्नु नै छ। हरेक जन्ममा सम्बन्ध आदि परिवर्तन हुन्छ। त्यसैले बाबाले सम्झाउनु हुन्छ– यो बनिबनाउ ड्रामा हो। आत्मा नै ८४ जन्म लिँदै लिँदै तमोप्रधान बनेको छ, अब फेरि आत्मालाई सतोप्रधान बन्नु छ। पावन त अवश्य बन्नु छ। पावन सृष्टि थियो, अब पतित छ फेरि पावन हुनु छ। सतोप्रधान, तमोप्रधान शब्द त छन् नि। सतोप्रधान सृष्टि फेरि सतो, रजो, तमो सृष्टि। अहिले जो तमोप्रधान बनेका छन् उनै फेरि सतोप्रधान कसरी बन्ने? पतितबाट पावन कसरी बन्ने, बर्सातको पानीले त बन्दैनौ। बर्सातले त मनुष्यहरूको मृत्यु पनि हुन्छ। बाढी आउँदा कति डुब्छन्। अहिले बाबाले सम्झाइरहनु हुन्छ यी सबै खण्ड रहने छैनन्। प्राकृतिक प्रकोपले पनि मदत दिन्छ, कति धेरै मनुष्य, जनावर आदि बाढीमा बग्छन्। यस्तो होइन, पानीले पावन बन्छन्, त्यहाँ त शरीर नै जान्छ। शरीर त पतितबाट पावन बन्नु छैन। पावन बन्नु छ आत्मालाई। त्यसैले पतित-पावन त एक बाबा हुनुहुन्छ। चाहे उनीहरूलाई जगत गुरु भनिन्छ तर गुरुको त काम हो सद्गति दिनु, त्यो त एक बाबा नै सद्गतिदाता हुनुहुन्छ। बाबा सद्गुरुले नै सद्गति दिनुहुन्छ। बाबाले सम्झाउन त धेरै सम्झाउनु हुन्छ, यिनले पनि सुन्छन् नि। गुरुहरूले पनि सिकाउनको लागि आफ्नो नजिकै शिष्यलाई बसाउँछन्। यिनी पनि उहाँको नजिकै बस्छन्। बाबाले सम्झाउनु हुन्छ भने यिनले पनि सम्झाउँछन् नि, त्यसैले गुरु ब्रह्मा नम्बरवनमा जान्छन्। शङ्करको लागि त भन्छन् आँखा खोल्नासाथ भस्म गरिदिन्छन् फेरि उनलाई त गुरु भन्न मिल्दैन। फेरि पनि बाबा भन्नुहुन्छ– प्यारा बच्चाहरू! म एकलाई याद गर। कतिपय बच्चाहरूले भन्छन्– यति कामधन्दाको चिन्तामा रहन्छौं, हामी आफूलाई आत्मा सम्झेर बाबालाई कसरी याद गरौं? बाबा सम्झाउनु हुन्छ– भक्तिमार्गमा पनि तिमीले हे ईश्वर, हे भगवान! भनेर याद गर्छौ नि। याद तब गर्छौ जब कुनै दु:ख हुन्छ। मर्न लाग्दा पनि भन्छन् राम-राम भन। धेरै संस्थाहरू छन् जसले राम नामको दान दिन्छन्। जसरी तिमीले ज्ञानको दान दिन्छौ उनीहरूले फेरि भन्छन् राम भन, राम भन। तिमीले पनि भन्छौ शिवबाबालाई याद गर्नुहोस्। उनीहरूले त शिवलाई चिन्दै-चिनेका छैनन्। त्यसै राम-राम भनिदिन्छन्। अब यो पनि किन भन्छन् जब कि परमात्मा सबैमा हुनुहुन्छ भने? बाबा बसेर सम्झाउनु हुन्छ– राम वा कृष्णलाई परमात्मा भनिँदैन। कृष्णलाई पनि देवता भनिन्छ। रामको लागि पनि सम्झाइएको छ– उनी सेमी देवता हुन्। दुई कला कम हुन्छ। हरेक चीजको कला कम त हुन्छ नै। कपडा पनि पहिला नयाँ, फेरि पुरानो हुन्छ।

बाबाले यति कुरा सम्झाउनु हुन्छ फेरि पनि भन्नुहुन्छ– मेरा मीठा प्यारा रूहानी बच्चाहरू! आफूलाई आत्मा सम्झ। सिमर-सिमर सुख पाओ। यो त दु:खधाम हो। बाबा र वर्सालाई याद गर। याद गर्दा गर्दै अथाह सुख पाउने

छौ। कलह-क्लेश, बिमारी आदि जे छ सबै छुट्छ। तिमी २१ जन्मको लागि निरोगी बन्छौ। कलह-क्लेश मिटे सब तन के, जीवन मुक्ति पद पाओ। गाउन त गाउँछन् तर व्यवहारमा ल्याउँदैनन्। तिमीलाई बाबाले यथार्थमा सम्झाउनु हुन्छ– बाबाको स्मरण गर्यौ भने तिम्रा सबै मनोकामना पूरा हुन्छन्, सुखी हुन्छौ। सजाय खाएर थोरै प्राप्ति गर्नु राम्रो होइन। सबैलाई ताजा रोटी नै मन पर्छ। आजकाल त तेल नै चल्छ। त्यहाँ त घिउका नदी बग्छन्। त्यसैले बच्चाहरूले बाबाको स्मरण गर्नु छ। बाबाले यस्तो पनि भन्नुहुन्न यहाँ बसेर बाबालाई याद गर। होइन, हिँड्दा, डुल्दा, घुम्दा शिवबाबालाई याद गर्नु छ। नोकरी आदि पनि गर्नु छ। बाबाको याद बुद्धिमा रहनु पर्छ। लौकिक पिताका बच्चाहरूले नोकरी गर्छन् भने याद त रहन्छ नि। कसैले सोध्यो भने तुरुन्त भन्छन्– हामी कसका सन्तान हौं। बुद्धिमा पिताको जायदाद (सम्पत्ति) पनि याद रहन्छ। तिमी पनि बाबाका बच्चा बनेका छौ, त्यसैले वर्सा पनि याद छ। बाबालाई नै याद गर्नु छ, अरू कसैसँग सम्बन्ध छैन। आत्मामा नै सारा पार्ट भरिएको छ जुन प्रकट हुन्छ। यस ब्राह्मण कुलमा तिम्रो जुन कल्प कल्प पार्ट चल्छ त्यो नै प्रकट भइरहन्छ। बाबाले सम्झाउनु हुन्छ खाना बनाऊ, मिठाई बनाऊ, शिवबाबालाई याद गरिराख। शिवबाबालाई याद गरेर बनायौ भने मिठाई खानेवालाको पनि कल्याण हुन्छ। कहिले त साक्षात्कार पनि हुन सक्छ। ब्रह्माको पनि साक्षात्कार हुन सक्छ। शुद्ध अन्न पेटमा पर्यो भने ब्रह्माको, श्रीकृष्णको, शिवको साक्षात्कार गर्न सक्छन्। ब्रह्मा यहाँ छन्। ब्रह्माकुमार-कुमारीहरूको नाम त हुन्छ नि। धेरैलाई साक्षात्कार भइरहन्छ किनकि बाबालाई याद गर्छौ नि। बाबाले युक्तिहरू त धेरै बताउनु हुन्छ। उनीहरूले मुखले राम राम भन्छन्, तिमी मुखले केही बोल्नु छैन। जसरी उनीहरूले सम्झन्छन् गुरुनानकलाई भोग लगाइरहेका छौं, तिमीले पनि सम्झन्छौ हामीले शिवबाबालाई भोग लगाउनको लागि बनाउँछौं। शिवबाबालाई याद गर्दै बनायौ भने धेरैको कल्याण हुन सक्छ। त्यस भोजनमा तागत हुन्छ, त्यसैले बाबाले भोजन बनाउनेलाई पनि भन्नुहुन्छ– शिवबाबालाई याद गरेर बनाउँछौ? लेखिएको पनि छ– शिवबाबाको याद छ? यादमा रहेर बनायौ भने खानेलाई पनि तागत मिल्छ, हृदय शुद्ध हुन्छ। ब्रह्मा भोजनको गायन पनि छ नि। ब्राह्मणहरूले बनाएको भोजन देवताहरूले पनि मन पराउँछन्। यो पनि शास्त्रमा छ। ब्राह्मणले बनाएको भोजन खानाले बुद्धि शुद्ध हुन्छ, तागत हुन्छ। ब्रह्मा भोजनको धेरै महिमा छ। ब्रह्मा भोजनको बारेमा जसले कदर गर्छ उनले थाली धोएर पनि पिउँछन्। धेरै उच्च सम्झन्छन्। भोजन विना त रहन सक्दैनन्। अनिकाल पर्दा भोजन नपाएर मर्छन्। आत्माले नै भोजन खान्छ, यी अङ्गहरूद्वारा उसले स्वाद लिन्छ, राम्रो-नराम्रो आत्माले भन्छ नि। यो धेरै स्वादिष्ट छ, तागतिलो छ। पछि गएर जसरी तिमीले उन्नति गर्छौ भोजन पनि तिमीलाई त्यस्तै मिलिरहन्छ। त्यसैले बच्चाहरूलाई भन्नुहुन्छ– शिवबाबालाई याद गरेर भोजन बनाऊ। बाबाले जे सम्झाउनु हुन्छ त्यसलाई व्यवहारमा ल्याउनु पर्छ नि।

तिमी माइती घरमा छौ अब पराइ घरमा जानु छ। सूक्ष्मवतनमा पनि आपसमा मिल्छन्। भोग लिएर जान्छन्। देवताहरूलाई भोग लगाउँछौ नि। देवताहरू आउँछन् तिमी ब्राह्मण त्यहाँ जान्छौ। त्यहाँ सभा लाग्छ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) कुनै पनि कुराको चिन्ता गर्नु छैन किनकि यो ड्रामा एकदम एक्युरेट बनेको छ। सबै पात्रहरूले यसमा आ-आफ्नो पार्ट खेलिरहेका छन्।

२) जीवनमुक्त पद प्राप्त गर्न वा सुखी बन्नको लागि भित्र एक बाबाको नै स्मरण गर्नु छ। मुखले केही पनि बोल्नु छैन। भोजन बनाउँदा वा खाने समयमा बाबाको यादमा अवश्य रहनु छ।

वरदानः– स्वार्थ, ईर्ष्या र चिडचिडापनबाट मुक्त रहने क्रोधमुक्त भव

कुनै पनि विचार ठीकै छ देऊ, सेवाको लागि स्वयंलाई प्रस्ताव राख। तर विचारको पछि त्यस विचारलाई इच्छाको रुपमा परिवर्तन नगर। जब सङ्कल्प इच्छाको रुपमा परिवर्तन हुन्छ तब चिडचिडापन आउँछ। तर निःस्वार्थ भएर विचार देऊ, स्वार्थ राखेर होइन। मैले भनेको हुनै पर्छ– यो नसोच, प्रस्ताव राख, तर के किन मा नआऊ, नत्र ईर्ष्या-घृणा एक एक साथी आउँछन्। स्वार्थ वा ईर्ष्या को कारणले पनि क्रोध उत्पन्न हुन्छ, अब यसबाट पनि मुक्त बन।

स्लोगनः– शान्तिदूत बनेर सबैलाई शान्ति दिनु– यो नै तिम्रो कर्तव्य हो।